उपराष्ट्रपति

काठमाडौं, नेपाल

उपराष्ट्रपतिको कार्यालय शीतल निवास, काठमाडौं, नेपाल

# रामनवमी पर्व, २०८२ को शुभकामना

हिन्दू धर्मावलम्बीहरुको महान पर्व रामनवमी, २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

रामनवमी पर्व धार्मिक उत्सव मात्र होइन, सत्य, धर्म र मर्यादाका प्रतीक भगवान श्रीरामको जीवन आदर्शलाई आत्मसात गर्ने अवसर पनि हो । श्रीरामले समाजमा न्याय, सद्भाव र शान्ति स्थापना गर्दै कर्तव्यपालनको सर्वोच्च उदाहरण प्रस्तुत गर्नुभएको थियो । उहाँको जीवनले हामीलाई सत्यनिष्ठा, धर्मपालन, अनुशासन र नैतिक आचरणलाई जीवनको आधार बनाउन सदैव प्रेरित गर्दछ ।

भगवान श्रीरामको चरित्रले आमा-बुवाप्रतिको सम्मान, कर्तव्यप्रतिको निष्ठा र कठिनाइहरुसँग दृढतापूर्वक सामना गर्ने साहस आत्मसात गर्न सिकाउँदछ । उहाँले वनवास स्वीकार गरी पुत्रधर्मको सर्वोच्च उदाहरण दिनुभयो; सत्य र धर्मको मार्गमा अडिग रहनुभयो; कर्मलाई जीवनको मूल मन्त्र बनाउँदै समाजलाई नैतिकताको उज्यालो मार्ग देखाउनुभयो ।

रामनवमीका अवसरमा गरिने भजन, कीर्तन, पूजापाठ र उपासनाले नागरिकलाई भक्ति, अध्यात्म र परोपकारतर्फ उन्मुख गराउँदछ । यस पर्वले समाजमा सद्भाव, सहयोग, भाइचारा र जनकल्याणको भावनालाई जागृत गर्दै राष्ट्रिय एकता र सामाजिक सम्बन्धलाई थप प्रगाढ र बलियो बनाउन मद्दत गर्दछ । श्रीराम धर्म र संस्कृतिको अनुपम प्रेरकका रुपमा हिन्दू समाजमा अनादि कालदेखि प्रतिष्ठित हुनुहुन्छ । उहाँले शास्त्रसम्मत ज्ञानलाई आफ्नो चरित्रमा उतारेर सिंगो संसारलाई धर्मको पथमा हिँड्न सम्भव छ भन्ने संदेश दिनुभयो । श्रीरामझैं हाम्रो जीवन चरित्र प्रधान हुनुपर्दछ ।

हाम्रा मौलिक परम्परा, संस्कार, संस्कृति, धर्म र आस्थाले हामीलाई वैरभाव र क्लेशबाट अलग राखी शान्ति, परोपकार र सदाचारको मार्गमा अघि बढ्न प्रेरित गर्दछ । भगवान श्रीरामको जीवन आदर्शलाई आत्मसात गर्न सके मात्र हामीले रामनवमीलाई साँचो अर्थमा मनाएको ठहरिनेछ । रामनवमी पर्व नेपाली समाजलाई नैराश्य र अनैतिकताबाट उन्मुक्ति दिलाउने शंखनादको माध्यम पनि बनोस् ।

**अन्त्यमा**, यस अवसरमा सबै नेपालीले श्रीरामझैं सत्य, धर्म र मर्यादित संकल्पका साथ जीवनयात्रा अघि बढाउन प्रेरणा प्राप्त गरून् । रामनवमी पर्वले हाम्रो समाजलाई नैतिकता, सद्भाव र एकताको मियो बनेर राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता र सामाजिक बन्धुत्वलाई अझ सुदृढ बनाओस्, पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८२ चैत १३ गते, शुक्रबार
ने.सं. ११४६, चौलाथ्व, नवमी

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति